# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०१/२३ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

<table>
<tr><th>सि.नं.</th><th>प्रतिवादीहरु</th><th>मुद्दा</th><th>आयोगको माग दावी तथा विशेष अदालतको फैसला</th><th>विशेष अदालतको फैसला र आधार</th><th>आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु</th></tr>
<tr>
<td>१</td>
<td>प्रतिवादीहरु नागार्जुन नगरपालिका, काठमाडौंका नगर प्रमुख (निलम्वित) मोहन बहादुर बस्नेत समेत २ जना मु.नं (०८१-CR-००६०) फैसला मिति २०८२/०३/०६</td>
<td>गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको।</td>
<td>आयोगको माग दावी<br>• प्रतिवादी मोहन बहादुर बस्नेतले गैरकानुनी सम्पत्ति आर्जन गरेको सम्बन्धमा निज नगर प्रमुखमा पदमा बहाली भएको मिति२०७४/०२/०४ गतेदेखि निजले आयोगमा गैरकानुनी सम्पत्ति अनुसन्धान कार्यविधि, २०७८ को अनुसुची १ बमोजिमको सम्पत्ति विवरण फारम आयोग समक्ष पेश गरेको मिति२०७९/०७/२१ गतेसम्मको अवधिलाई अनुसन्धान अवधि कायम गरी अनुसन्धान गर्दा, निज प्रतिवादी मोहन बहादुर बिगो रु.८,६९,८७,१०५।६९ (अक्षेरेपी आठ करोड उनन्सत्तरी लाख सतासी हजार एक सय पाँच र उनन्सत्तरी पैसा मात्र) गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको र सोबाट बढे बढाएको सम्पत्ति समेत आफ्नो एकासगोलकी पत्नी प्रतिवादी उर्मिला बस्नेतको नाममा समेत राखेको देखिएको हुँदा निज प्रतिवादी मोहन बहादुर बस्नेतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले निज उपर विगो रु.८,६९,८७,१०५।६९ (अक्षरेपी आठ करोड उनन्सत्तरी लाख सतासी हजार एक सय पाँच र उनन्सत्तरी पैसा मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम कैद तथा जरिवानाको सजाय हुन तथा प्रतिवादी मोहन बहादुर बस्नेतले जाँच अवधिमा गैरकानुनी रूपमा आर्जन गरेको</td>
<td>फैसलाः<br>प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला।<br>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः<br><u>ब्यय शिर्षकको हकमाः-</u><br>• जग्गा खरिद गर्दा लिखतमा उल्लिखित रकमलाई नै आधारभूत मूल्य कायम गर्नु पर्ने हुँदा पारित लिखतमा अंकित मूल्य र भुक्तानी गरेको रजिष्ट्रेशन दस्तुरलाई नै उक्त जग्गा खरिद बापतको ब्ययमा गणना गर्नु पर्ने।<br>• घरको निर्माण खर्चमा १५ प्रतिशत ओभरहेड खर्च र ५ प्रतिशत ठेक्का कर गरी जम्मा २० प्रतिशत घटाइ बिगो कायम हुने न्यायिक मान्यता रहेको।<br>• निर्माणाधिन अवस्थामा रहेको घर मर्मत हुने अवस्था आउँदैन । मिति २०८१।४।१६ मा निर्माण सम्पन्न भएको घरलाई पुनःमर्मत गर्नुको बस्तुनिष्ठ कारण पेश हुन नसकेकोले उक्त रकम प्रतिवादीको ब्ययमा गणना गर्न नमिल्ने।<br>• प्रतिवादीले सटही गरेको अमेरिकन डलरको तत्कालिन दर रेट अनुसारको रकमलाई ब्ययमा गणना गर्दा प्रतिवादीले खर्च नभएको अमेरिकन डलर बैंकमा नै फिर्ता गरेको देखिदा उक्त रकमलाई घटाउनु पर्ने।<br>• प्रतिवादीले अनुसन्धानको वयानमा मात्र उपचार खर्च भनी उल्लेख गरेको भरमा बस्तुनिष्ठ प्रमाणको अभावमा उक्त रकम उपचार खर्चमा समावेश गरी ब्ययमा गणना गर्न नमिल्ने<br>• घरेलु कामदार घरमा राखेको छैन घर निर्माणका क्रममा ज्यामीलाई दिएको रकम हो भनी अनुसन्धानमा गरेको वयान विपरित अदालतमा वयान गरेकोमा वादी पक्षले घरेलु कामदारलाई नै रकम भुक्तानी दिएको हो भनी प्रमाण पेश गर्न नसकेकोले शंकाको सुविधा प्रतिवादीले पाउने भन्ने मान्य सिद्धान्तको आलोकमा दावीको रकमलाई प्रतिवादीको ब्ययमा गणना गर्न नमिल्ने।<br>• विभिन्न ब्यक्तिलाई दिएको भनी आरोपपत्रमा ब्ययमा गणना गरिएको रकम प्रतिवादीले घर निर्माणमा दिएको रकमलाई अलग्गै ब्ययमा गणना गर्न मिल्न होइन भनी जिकिर लिएकोमा उक्त जिकिरलाई खण्डित गर्ने वादी पक्षले प्रमाण पेश गर्न सकेको नदेखिदा उक्त रकमलाई प्रतिवादीको ब्ययमा गणना गर्न नमिल्ने।<br>• प्रतिवादीले बैकबाट झिकेको रकम र रिभर्सल भएको रकम समेत सुन खरीद रकममा गणना गरिएकोले उक्त रकम घटाई सुन खरीदमा ब्यय कायम गरिएको।<br>• प्रतिवादीको बैंकमा रहेको मौज्दात रकम मध्ये सम्पत्ति शुद्धीकरण कसूरमा</td>
<td>• आरोप पत्र अनुसार, प्रतिवादी मोहन बहादुर बस्नेतले नगर प्रमुखमा पदमा बहाली भएको मिति २०७४/०२/०४ गते देखि निजले आयोगमा गैरकानुनी सम्पत्ति अनुसन्धान कार्यविधि, २०७८ को अनुसुची १ बमोजिमको सम्पत्ति विवरण फारम आयोग समक्ष पेश गरेको मिति २०७९/०७/२१ गतेसम्मको अवधिलाई अनुसन्धान अवधि कायम गरी अनुसन्धान गर्दा, निज प्रतिवादी मोहन बहादुर बिगो रु.८,६९,८७,१०५।६९ (अक्षरेपी आठ करोड उनन्सत्तरी लाख सतासी हजार एक सय पाँच र उनन्सत्तरी पैसा मात्र) गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने निज प्रतिवादीको सम्पूर्ण आय व्ययका सम्बन्धमा गरिएको समग्र आय व्यय प्रबाह विवरण (Income Expenditure Cash Flow) निम्न बमोजिम देखियोः-<br><u>आरोपपत्र समग्र आय व्ययको विवरण</u>
<table>
<tr><th rowspan="2">सि. नं.</th><th colspan="2">आय</th><th colspan="2">व्यय</th></tr>
<tr><th>आय शीर्षक</th><th>जम्मा आय रकम रु.</th><th>व्यय शीर्षक</th><th>जम्मा व्यय रकम रु.</th></tr>
<tr><td>१.</td><td>शुरु बैंक मौज्दात रकम</td><td>८१,८५,५६९.२१</td><td>जग्गा खरिद</td><td>१३,८३,११,२३५.००</td></tr>
<tr><td>२.</td><td>निजको पारिश्रमिक/तलबको ७०% बचत रकम</td><td>१७,५६,६०४.५०</td><td>घर निर्माण</td><td>२,३७,४९,७०१.५५</td></tr>
<tr><td>३.</td><td>दैनिक भ्रमण भत्ता तलबको ७०% बचत रकम</td><td>७,८४,०२५.२०</td><td>घर मर्मत खर्च</td><td>५,१९,५००.००</td></tr>
<tr><td>४.</td><td>अन्य बिभिन्न भत्ता रकम तलबको शत प्रतिशत रकम</td><td>२३,३४,८६४.५०</td><td>अपार्टमेन्ट खरिद बुकिङ</td><td>१,८७,८८९.०९</td></tr>
<tr><td>५.</td><td>श्रीमतीको पारिश्रमिक/तलब तलबको ८५% बचत रकम</td><td>१६,५६,७६६.२०</td><td>सँयुक्त राज्य अमेरिकाको मुद्रा -USD ($) खरिद</td><td>१३,०२,९३३.५०</td></tr>
<tr><td>६.</td><td>श्रीमतीको विद्यालय भत्ताको शत प्रतिशत रकम</td><td>५७,२००.००</td><td>उपचार खर्च</td><td>१३,५९,०००.००</td></tr>
<tr><td>७.</td><td>छोरा अनोज बस्नेतको तलबको ८५% बचत रकम</td><td>३,५६,७४२.४५</td><td>कमिशन दिएको रकम</td><td>१७,७०,०००.००</td></tr>
<tr><td>८.</td><td>बैक तथा सहकारीबाट</td><td>१२,०३,००,०००.००</td><td>कम्पनीमा लगानी</td><td>५०,००,०००.००</td></tr>
</table>
</td>
</tr>
</table>

सम्पत्ति निज आफू र निजको श्रीमती उर्मिला बस्नेतको नाममा राखेको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२), दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख. बमोजिम असुल उपर गरी पाउन मागदाबी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको देखिन्छ।

**अदालतको फैसला**

- प्रतिवादी मोहन बहादुर बस्नेतको श्रीमती उर्मिला बस्नेतको नाममा गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति राखेको देखिएको हुँदा निजको नाममा रहेको सम्पत्ति जफत गर्ने प्रयोजनका लागि प्रतिवादी कायम गरी विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको देखिन्छ।विशेष अदालतबाट फैसला हुँदा प्रतिवादीहरुलाई आरोप मागदावीबाट सफाई दिने ठहर गरी फैसला भएको अवस्था छ।

विगो ठहर भएको मौज्दात घटाई बाँकी रकम मात्र प्रतिवादीकमो व्यय गणना गर्नु पर्ने।

**<u>आय शिर्षकको हकमा:-</u>**

- आरोपपत्रमा प्रतिवादीको मिति२०७४।०२।०४ मा रहेको बैंक मौज्दातलाई आयमा गणना गर्दा, निजको तलब पारिश्रमिक, सहकारीहरुबाट लिएको कर्जा जग्गा खरीद बिक्रीबाट भएको बचत रकमलाई समेत गणना गर्नु पर्ने देखियो।
- बैंक खातामा जम्मा गरेको रकम मध्ये रु.२१५७३३९५।३३ सम्पत्ति शुद्धीकरण कसूरमा विगो कायम भई कसूर ठहर भएकोले उक्त रकमलाई बैंक मौज्दातबाट घटाइ बाँकी रकम मात्र प्रतिवादीको आय कायम हुने।
- आरोपपत्रमा जग्गा खरीद गर्द स्रोत पुष्टि हुन नसकेको रकमलाई घटाई प्रतिवादीको आय कायम गरिएकोमा मालपोत कार्यालयबाट पारित भएको लिखत अनुसारकै रकम प्रतिवादीको आयमा गणना गर्नु पर्ने।
- सहकारी संस्थाबाट प्राप्त ब्याजलाई समेत प्रतिवादीको बैंक ब्याज आयमा जोडेर आय कायम गर्नु पर्ने।

प्रतिवादीले जग्गा बहाल सम्झौता गरी बहाल कर समेत बुझाएको देखिएकोले प्राप्त रकम जग्गा बहाल आयमा गणना गरिनु पर्ने।

- रिती, थिती, धर्म, संस्कार बमोजिम नगद तथा जिन्सी उपहार दिने प्रचलन रहेकोले टीकाटाला दानदक्षिणा बापत प्राप्त रकमलाई प्रतिवादीको आयमा गणना गर्नु पर्ने।

**<u>फैसला बमोजिम प्रतिवादीको समग्र आय व्ययको अवस्था निम्न बमोजिम देखिन्छः</u>**

| क्र.सं. | आय शिर्षक | रकम (रु.) | क्र.सं. | व्यय | रकम (रु.) |
|---|---|---|---|---|---|
| १ | बैंक मौजदात (रु.२१५७३३९५।३३ सम्पत्ति शुद्धीकरण कसूर ठहर भएकोले सो कटाउँदा गणना हुने) | २०,६८,५४८।६७ | १ | मुख मिलेको ब्यय | ७,०६,६१,५९८।७७ |
| २ | मोहन बहादुर बस्नेतको पारिश्रमिक | १७,५६,६०४।५० | २ | जग्गा खरिद शर्षकमा मुख मिलेको | ८०,३६,६२५।- |
| ३ | दैनिक भत्ता | ७,८४,०२५ | ३ | जग्गा खरिद | ५,८५, |
| | ऋणकर्जा लिएको | | | | |
| ९. | जग्गा बिक्री | ४,६७,४३,३०५.१४ | | ऋणकर्जा लिदाँको सेवा शुल्क | ६,०५,०००.०० |
| १०. | बीमा परिपक्व पश्चात प्राप्त आय | ५,४४,९८५.१२ | | कर्जाको साँवा व्याज तिरेको | ३,२८,९३,८१०.२६ |
| ११. | ब्याज आय | ९४,२४,६३१.५९ | | छोराको वैवाहिक भोज खर्च | १,००,०००.०० |
| १२. | शेयर बिक्री | ७४,३०,१६८.३४ | | छोरालाई दिएको व्यक्तिगत खर्च | ९,९९,०००.०० |
| १३. | | | | छोरीलाई दिएको रकम | १८,५०,०००.०० |
| १४. | | | | डोनेसन दिएको रकम | ९,१०,१११.०० |
| १५. | | | | परिश्रमिक खर्च | ७,९२,३३०.०० |
| १६. | | | | बिभिन्न व्यक्तिलाई दिएको रकम | ३७,७०,०००.०० |
| १७. | | | | बीमा शुल्क भुक्तानी | १६,०३,४१०.९१ |
| १८. | | | | लकर शुल्क रकम | २६,२५०.०० |
| १९. | | | | विदेश भ्रमण टिकट खर्च | १४,६१,४६०.२६ |
| २०. | | | | शेयर खरिद | ४,४०,२९७.१५ |
| २१. | | | | सवारी साधन खरिद | ३,२४,८९,९००.०० |
| २२. | | | | सवारी सर्भिसिङ खर्च | १२,१७०.१० |
| २३. | | | | सवारी साधन नविकरण खर्च | ३१,३००.०० |
| २४. | | | | सुन खरिद | १,१९,९०,६००.०० |
| २५. | | | | अन्तिम बैंक मौज्दात रकम | २,४३,८६,०६९.१२ |
| ज | | **१९,९५,७४,८** | | | **२८,६५,६१,९** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ।२० | | शिर्षकमा मुख नमिलेको | ६१,९१०।- |
| ४ | बैठक लगायतको अन्य भत्ता | २३,३४,८६४।५० | ४ | घर निर्माण | १,८९,९९,७६१ |
| ५ | छोरा अनोज बस्नेतको पारिश्रमिक | ३,५६,७४२।४५ | ५ | अमेरिकन डलर सटही | ७,३९,८७२।१४ |
| ६ | जग्गा बिक्री तर्फ मुख मिलेको गणना हुने आय | ४,३३,६७,५९५।९३ | ६ | उपचार खर्च | ६,०९,०००।- |
| ७ | जग्गा बिक्री तर्फ सम्पत्ति शुद्धीकरण ठहर भएको र जाँच अवधि पश्चातको करोबार गणना नहुने हुँदा मुख नमिलेको तर्फ गणना हुने आय | ५४,८४,५००।- | ७ | शेयर खरिद | ५०,००,०००।- |
| ८ | बैंक ब्याज | २,०३,२७,४५९।५९ | ८ | अनोज बस्नेतलाई दिएको | ९,९९,०००।- |
| ९ | जग्गा बहाल आय | ८९,८०,९५९।- | ९ | सुन खरिद | १,०६,९५,६००।- |
| १० | उर्मिला बस्नेतको टिकाटालो दान दक्षिणा | ५,००,०००।- | १० | छोरा अनोज बस्नेतको विवाह भोज | १,००,०००।- |
| ११ | उर्मिलाको तलब भत्ता आय | १७,१३,९६६।- | ११ | छोरी अनु बस्नेतलाई दिएको | १८,५०,०००।- |
| १२ | बैंक तथा वित्तीय संस्थाको ऋण | १२,०३,००,०००।- | १२ | बैंक मौज्दात (रु.२१५७३३९५।३ | २८,१२,६७३।७९ |

| | | | | |
|---|---|---|---|---|
| म्मा | | ६२.२५ | | ६७.९४ |
| आय भन्दा व्यय बढी भई गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति जम्मा रकम(रु.) (कूल ऋणात्मक) | | | (८,६९,८७,१०५.६९) | |

**प्रतिवादीको आय शिर्षक तर्फ हेर्दाः**

- **प्रतिवादीको शुरु बैंक मौज्दात आयः** आरोप पत्रमा प्रतिवादीहरुको खातामा मिति २०७४/०२/०४ गते बैंकमा रहेको मौज्दात रु.८१,८५,५६९।२१ लाई आयमा समावेश गरिएको देखिन्छ। प्रतिवादी मोहन बहादुर बस्नेतले अदालतमा बयान गर्दा उक्त मिति २०७४/२/४ गते भन्दा पहिले म मोहनबहादुर बस्नेतको पारिश्रमिक रू.६,००,०००।-, श्रीमती उर्मिला बस्नेतको पारिश्रमिक रु.१५,००,०००।-, मञ्जुश्री फाईनान्सबाट लिएको ऋण रू.६५,००,०००।-, जग्गा खरिद बिक्रीबाट भएको बचत रू.१,१४,७८,९४४।-, सीतापाईला बहुउद्धेश्यीय सहकारीबाट लिएको कर्जा रू.३५,६३,०००।– गरी जम्मा रू.२,३६,४१,९४४।- लाई आयमा गणना गर्नु पर्ने भन्ने जिकिर लिएको देखिन्छ। विशेष अदालतवाट प्रस्तुत मुद्दा फैसला गर्दा प्रतिवादीले अदालतमा बयान गर्दा आयमा गणना गर्ने माग गरेको रू.२,३६,४१,९४४।- मध्ये रु.२,१५,७३,३९५।३३ यिनै प्रतिवादी उपर चलेको यसै लगाउको सम्पत्ति शुद्धीकरणमा कसूर ठहर भएकोले उक्त रकमबाट सो विगो घटाउदा हुन आउने रु.२०,६८,५४८।६७ मात्र प्रतिवादीको शुरु बैंक मौज्दातमा गणना गर्न मिल्ने देखियो भनी फैसला भएको देखिन्छ।सो सन्दर्भमा, अनुसन्धान अवधि शुरु हुने मितिमा प्रतिवादीहरुको बैंक खातामा कायम रहेको बचत मौज्दात रकमलाई शुरु बैंक मौज्दात कायम गरी प्रतिवादीको आयमा समावेश गर्ने र अनुसन्धानको अन्तिम मितिमा प्रतिवादीहरुको खातामा बचत कायम रहेको रकमलाई प्रतिवादीको अन्तिम बैंक मौज्दात कायम गरी ब्ययमा समावेश गर्ने तथ्य गैर कानूनी सम्पति आर्जन मुद्दा सम्पति गणनाको सैद्धान्तिक मान्यता हो। सोही मान्यता अनुसार प्रतिवादीहरुको खातामा अनुसन्धान अवधीको शुरुमिति मिति २०७४/०२/०४ मा कायम बैंक मौज्दात रु.८१,८५,५६९।२१ लाई प्रतिवादीको आयमा समावेश गरि गणना गरिएको हो। तर विशेष अदालतवाट फैसला गर्दा कुनै आधार प्रमाण बेगर प्रतिवादीको तलव, ऋण, सापटी आदि भनि लिएको जिकिरलाई नै मान्यता दिई प्रतिवादीको आय कायम गरेको देखिन्छ। यिनै उपर चलेको सम्पत्ति शुद्धीकरण मुद्दामा समेत प्रतिवादीको खातामा रहेको रकम रु रु.८१,८५,५६९।२१ लाई शुद्धिकरण गरेको ठहर भएको स्थितिमा निजले सो रकम को स्रोत खुलाई नसकी गैर कानूनी आर्जन गरेको तथ्य पुष्टि भई रहेको स्थितिमा केवल शुद्धिकरणको कसूर ठहर भऐ कै आधारमा गैर कानूनी आर्जन गरेको शुरु **बैंक मौज्दात लाई निजले दावी गरेको अन्य अपुष्ट रकमबाट** घटाएर हुने रकम रु.२०,६८,५४८।६७ लाई शुरु बैंक मौज्दात आय कायम गरि भएको फैसला गैर कानूनी सम्पति आर्जन मुद्दा स्थापित मुल्य मान्यता र सिद्धान्तग विपरित हुदाँ बदरभागी छ।
- **जग्गा बिक्री आयः** प्रतिवादीहरुले आफ्नो नाममा रहेका जग्गाहरु बिभिन्न व्यक्तिहरुलाई बिक्री गरी प्राप्त गरेको जम्मा रु.४,६७,४३,३०५/१४ निजको आयमा गणना गरि अभियोजन

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td>३ सम्पत्ति शुद्धीकरण कसूर ठहर भएकोले सो कटाउँदा गणना हुने)</td><td></td></tr>
<tr><td>१३</td><td>बिमा परिपक्व भै प्राप्त रकम</td><td>५,४४,९८५।१२</td><td></td><td></td><td></td></tr>
<tr><td>१४</td><td>शेयर बिक्री</td><td>७४,३०,१६८।३४</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>कूल आय</td><td>२१,५९,५०,४१९।३</td><td></td><td>कूल व्यय</td><td>१७,९०,६६,०४०।७</td></tr>
</table>
<ul><li>समग्र आय ब्ययको विश्लेषण गर्दा प्रतिवादी मोहन बहादुर बस्नेत तथा निजको श्रीमती प्रतिवादी उर्मिला बस्नेतको जाँच अवधिको समग्र आय तथा व्ययको विश्लेषण अर्थात गणना गर्दा कूल बैध आय रु.२१,५९,५०,४१९।३ (एक्काइस करोड उनान्साठी लाख पचास हजार चार सय उन्नाइस रुपैयाँ तीन पैसा) रहेको र कूल व्यय तर्फ रु.१७,९०,६६,०४०।७ (सत्र करोड नब्बे लाख छैसट्ठी हजार चालीस रुपैयाँ सात पैसा) रहेको देखिन आयो। तसर्थ जाँच अवधिमा प्रतिवादीहरुको कूल व्यय भन्दा कूल बैध आय रु.३,६८,८४,३७८।५७ (तीन करोड अठ्सट्ठी लाख चौरसी हजार तीन सय अठहत्तर रुपैयाँ सन्ताउन्न पैसा) बढी रहेको देखिन आएकोले आरोपदावी बमोजिम गैरकनूनी सम्पत्ति आर्जन गरको वा बैध आम्दानी भन्दा अधिक खर्च गरेको वा अमिल्दो र अस्वाभाविक जीवनस्तर यापन गरेको भन्ने वादी नेपाल सरकारको दावी पुग्न नसक्ने प्रतिवादीहरु मोहन बहादुर बस्नेत र उर्मिला बस्नेतले आरोप दाबीबाट सफाई पाउने ठहर्छ भनी फैसला भएको देखिन्छ।</li></ul>
</td>
<td>भएको देखिन्छ। प्रतिवादीले अदालतमा बयान गर्दा अन्य थप जग्गाहरु समेत बिक्री गरेको भनि अभियोजन गर्दा दावी गरिए भन्दा फरक मुल्यमा बिक्री गरेको भनी जिकिर लिई रु.४,८८,५२०९५|९३ दावी गरेको देखिन्छ।विशेष अदालतवाट प्रस्तुत मुद्दा फैसला गर्दा मालपोत कार्यालयको लिखतमा उल्लिखित रकमलाई नै वास्तविक कारोवार मानी सोही रकमको आधारमा रु.४,८८,५२०९५|९३ जग्गा बिक्री आय मानिएको छ। आरोपपत्रमा प्रतिवादीले कलंकी मालपोत कार्यालयमा मिति२०७८।०९।०६ गते विक्रि गरेको निम्न लिखित जग्गाहरु डाँडापौवा रामकोट ६ स्थित कि.नं. २७४५ र २७४७ को जग्गा कित्ताकाट गरी कि.नं. ३३७९ र ३३७१ क्षे.फ. ०-२-०-१ र ०-०-१-१ जग्गा, बिक्री गरी रु.१०,४५,०००।- रकम प्राप्त गरेको भएतापनि निजले उक्त जग्गा खरिद गर्दा भुक्तानी गरेको कूल खर्च मध्ये ६१.५५% बराबर रकमको मात्र स्रोत पुष्टि भएको/खुलेकोले सोही बमोजिमको आय रकम रु.६,४३,१९७।५०, कि.नं. २७४७ को जग्गा कित्ताकाट गरी कि.नं. ३३६७ क्षे.फ. ०-१-०-१ जग्गा बिक्री गर्दा प्राप्त रकममा लाभकर घटाई खुद रु.१,८१,५००।- रकम प्राप्त गरेको भएतापनि निजले उक्त जग्गा खरिद गर्दा गरेको कूल खर्च मध्ये ६१.५५% वरावर रकमको मात्र स्रोत पुष्टि भएको/खुलेकोले सोही बमोजिमको आय रकम रु.१,११,७१३।२५, कि.नं. २७४७ को जग्गा कित्ताकाट गरी कि.नं. ३३७० क्षे.फ. ०-३-१-१ जग्गा बिक्री गरी रु.१४,६१,०००।- रकम प्राप्त गरेको भएतापनि निजले उक्त जग्गा खरिद गर्दा भुक्तानी गरेको कूल खर्च मध्ये ६१.५५% वरावर रकमको मात्र स्रोत पुष्टि भएको/खुलेकोले सोही बमोजिमको आय रकम रु.८,९९,२४५।५०, कि.नं. २७४५ र २७४७ को जग्गा कित्ताकाट गरी कि.नं. ३३७८, ३३६८ क्षे.फ. ०-२-०-०, ०-१-०-० जग्गा बिक्री गरी रु.१३,२०,०००।- रकम प्राप्त गरेको भएतापनि निजले उक्त जग्गा खरिद गर्दा भुक्तानी गरेको कूल खर्च मध्ये ६१.५५% वरावर रकमको मात्र स्रोत पुष्टि भएको/खुलेकोले सोही बमोजिमको आय रकम रु.८,१२,४६०।-, कि.नं. २७४७ को जग्गा कित्ताकाट गरी कि.नं. ३३७६ क्षे.फ. ०-२-३-१ जग्गा बिक्री गरी रु.१२,८५,०००।- रकम प्राप्त गरेको भएतापनि निजले उक्त जग्गा खरिद गर्दा भुक्तानी गरेको कूल खर्च मध्ये ६१.५५% वरावर रकमको मात्र स्रोत पुष्टि भएको/खुलेकोले सोही बमोजिमको आय रकम रु.७,९०,९१७।५०, कि.नं. २७४५ र २७४७ को जग्गा कित्ताकाट गरी कि.नं. ३३७७, ३३६९ क्रमश क्षे.फ. ०-०-०-२, ०-०-१-१ जग्गा बिक्री गरी रु.१,९२,०००।- रकम प्राप्त गरेको भएतापनि निजले उक्त जग्गा खरिद गर्दा गरेको कूल खर्च मध्ये ६१.५५% वरावर रकमको मात्र स्रोत पुष्टि भएको/खुलेकोले सोही बमोजिमको आय रकम रु.१,१८,१७६।- जग्गा खरिद गर्दा गरेको कूल खर्च मध्ये स्रोत नपुगेको प्रतिशत घटाई जग्गा विक्री आय कायम गरिएकोमा अदालतबाट फैसला गर्दा, लिखतमा उल्लिखित सम्पूर्ण रकमलाई नै आय कायम गरिदिएको अवस्था छ।यसै सन्दर्भमा, नेपाल सरकार विरुद्ध युवराज शर्मा भएको (ने.का.प.२०६९, अंक ५, नि.नं.८८८६) मुद्दामा “आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानुनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ। त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन।बढे बढाएको सम्पत्तिलाई आयको मान्यता दिंदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुनजाने अवस्था सिर्जना हुन आउँछ, जुन कानूनसम्मत हुन नसक्ने” भनी सिद्धान्त प्रतिपादन</td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भएको देखिन्छ। त्यसैगरी "**सम्पत्ति खरिद गर्दा लगानी गरिएको आधारभूत मूल्यको स्रोत पुष्टि हुन सकेन भने सोही लगानीसम्म गैरकानुनी आर्जन हुने**" भनी नेपाल सरकार विरुद्ध उमेश कुमार रेग्मी समेत (ने.का.प.२०७२,अंक १२, नि.नं. ९५०५) मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएको देखिदा उक्त सिद्धान्तहरु समेतको आधारमा प्रतिवादीले बिक्री गरेका जग्गाहरु शुरू खरिदको स्रोत नै नपुगेको अवस्थामा सो जग्गा बिक्रिवाट प्राप्त आयलाई केवल लिखतमा मुल्य खुलेकै आधारमा प्रतिवादीले माग गरे अनुरुप रु.४,८८,५२०९५।९३ लाई जग्गा बिक्री आयमा गणना गरि सोही आधारमा प्रतिवादीलाई सफाई हुने ठहर गरि भएको फैसला त्रटिपुर्ण देखिदा बदरभागी छ।<br>• **बैंक ब्याज आय**: आरोपपत्रमा प्रतिवादीहरुको मुद्दती तथा बैंक निक्षेपबाट आयकर कटाई प्राप्त जम्मा व्याज आय रु.९४,२४,६३१।५९ निजको आयमा गणना गरि अभियोजन गरिएकोमा विशेष अदालतवाट फैसला गर्दा प्रतिवादी मध्येकी उर्मिला बस्नेतका नाममा सामुदायिक बचत तथा ऋण सहकारी संस्था, सीतापाईला, काठमाण्डौमा रहेका बचत खाताहरुबाट प्राप्त ब्याज रु.१,०९,०२,८२८।-पनि गणना गर्नु पर्ने देखिएको भनि बैंक ब्याज आय शीर्षकमा जम्मा रु.२,०३,२७,४५९।५९ गणना गरेको देखिन्छ। सो सन्दर्भमा, आरोप पत्रको पेज नं. ४१को बुँदा नं. १.४.१.१५.७. मोहन बहादुर बस्नेतले विभिन्न बैंकबाट प्राप्त गरेको व्याज आयः मा ब्याज आय सम्बन्धित बैंक, वित्तीय संस्था तथा सहकारीबाट प्राप्त खातामा भएको कारोबारको विवरण (Account Transactions Statement) का आधारमा आर्थिक बर्षको शुरुको मितिमा एकमुष्ट जम्मा गरी आय गणना गरिएको स्पष्ट छ। उक्त तथ्य मिशिल संलग्न टेवुलमा समेत उल्लेख गरि सामुदायीक सेवा वचत तथा ऋण सहकारी संस्था लिमिटेडको आ.व.२०७३।०७४ देखि २०७९।०८० सम्म प्रतिवादीहरुको बचत रकममा ब्याज प्राप्त भएको समेत जोडी रु.९४,२४,६३१।५९ प्रतिवादीको बैंक ब्याज आय निकालिएको देखिदा देखिदै प्रतिवादीले सोही सामुदायीक सेवा वचत तथा ऋण सहकारी संस्था लिमिटेडको ब्याज भनि दोहोरो दावी गरे कै आधारमा सो तथ्यको विश्लेषण नगरि रु.१,०९,०२,८२८।— प्रतिवादीको ब्याज आयमा कायम गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदरभागी छ।<br>• **जग्गा बहाल आयः** प्रस्तुत शिर्षकमा प्रतिवादीले अनुसन्धानको क्रममा आयमा माग गरि दावी गरेको र सो सम्वन्धी प्रमाण पेश गर्न सकेको नदेखिदा जग्गा बहाल तर्फ यि प्रतिवादीको आय गणना नगरि अभियोजन गरिएको देखिन्छ। प्रतिवादीहरुले अदालतमा बयान गर्दा प्रतिवादी उर्मिला बस्नेतका नाममा रहेको काठमाण्डौ जिल्ला सीतापाईला वडा नं. ६ कित्ता नं. ९३ क्षेत्रफल १-१४-०-० जग्गा मिति२०६७/११/१५ देखि २०७९/११/१४ सम्म पद्मा खानेपानी प्रा.लि. लाई मासिक रु.५०,०००/- का दरले जग्गा भाडा सम्झौतामा बमोजिम जग्गा भाडा वापत नागार्जुन नगरपालिका कार्यालयमा कर बापतको रकम समेत तिरेको देखाई रु.८९,८०,९५९।- आय गणना गर्न माग गरेको देखिन्छ। विशेष अदालतवाट प्रस्तुत मुद्दा फैसला गर्दा प्रतिवादीले अनुसन्धानको क्रममा दावी नै नगरेको शिर्षकमा निजले प्रतिवादीले आफ्नो वैध आय देखाउने उदेश्यका साथ आय बृद्धि गर्नका लागि सम्पति शुद्धिकरण मुद्दा संलग्न प्रतिवादीहरुसँग सम्बद्ध पद्मा खानेपानी प्रा.लि. सँग सम्झौता गरेको र कर तिरेको देखाई दावी गरेको तथ्य स्पष्ट रुपमा देखिदा देखिदै सो तथ्य एवं प्रमाणको विश्लेषण नगरी जग्गा बहाल आय तर्फ रु.८९,८०,९५९।- प्रतिवादीको आयमा गणना गरि भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • **उर्मिला बस्नेतको दक्षिणा टिकाटालोः** प्रतिवादीले विवाह गर्दा टिकाटालो वापत रु.५,००,०००।— आय भएको भनि अदालतमा जिकिर लिएतापनि प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा उक्त आय दाबी गरि सोको बस्तुनिष्ठ प्रमाण पेश गर्न सकेको देखिँदैन।विशेष अदालतवाट प्रस्तुत मुद्दा फैसला गर्दा विवाहमा माइती मावली तर्फका आफन्तहरुबाट टिकाटालो दान दक्षिणा बापत प्रतिवादी उर्मिला बस्नेतले प्राप्त गरेको मानी निजको आयमा रु.५,००,०००।— गणना हुने गरि भएको फैसला केवल आत्मकेन्द्रित देखिन्छ भने न्यायिक अनुमान पनि कुनै म कुनै प्रमाणवाट परिपुष्टि हुनु पर्नेमा केवल अनुमानको आधारमा प्रतिवादीको आयमा बृद्धि गर्ने उदेश्यका साथ टिकाटालो तर्फ रु.५,००,०००।— आयमा गणना गरि भएको प्रस्तुत फैसला त्रुटिपुर्ण देखिदा बदरभागी छ।<br>. <u>प्रतिवादीको व्यय शिर्षक तर्फ</u>ः-<br>**ज्ञगा खरिदः**<br>• आरोपपत्रमा प्रतिवादी उर्मिला बस्नेत, ललित बहादुर थापा क्षेत्रीको संयुक्त नाममा दर्ता कायम रहने गरी जिल्ला काठमाडौं डाँडापौवा ६ स्थित कि.नं. २८३६ क्षेत्रफल २-०-०-० भएको जग्गा मैया सुवेदी, सुवोध सुवेदीबाट खरिद गर्दाको राजिनामा लिखतमा अंकित रकम रु.६४,००,०००।- र निज उर्मिला बस्नेतको भागमा पर्ने रकम रु.३२,००,०००।- भएतापनि निज मोहन बहादुर बस्नेतले आयोग समक्ष गरेको बयानको सवाल जवाफ ८५ मा खुलाई लेखिदिएको रकम रु.१,१२,००,०००।- र रजिष्ट्रेशन दस्तुर रकम रु.१,२८,०००।— समेतको रकम रु.१,१३,२८,०००।— लाई जग्गा खरीद भनी व्ययमा गणना गरि आरोपपत्र दायर भएकोमा राजिनामा लिखतमा उल्लेखित रकमलाई आधार लिई फैसला गर्दा, फैसलाको पेज नं. १०७ को बुँदा नं. ६ मा उल्लिखित कि.नं. २८३६ क्षेत्रफल २-०-०-० भएको जग्गा मैया सुवेदी, सुवोध सुवेदीबाट खरिद गर्दाको राजिनामा लिखतमा अंकित रकम रु.६४,००,०००।- र रजिष्ट्रेशन दस्तुर समेत गरी कूल रु.१,२८,००० गरी कूल रकम रु.६५,२८,०००।— मध्ये निज उर्मिला बस्नेतको भागमा पर्ने आधा हिस्सा वापतको रकम रु.३२,६४,०००।- मात्र व्ययमा गणना गर्नुपर्नेमा आधा हिस्सा गर्दा २ पटक घटाई रु.१६,६४,०००।-लाई निजको व्ययमा गणना गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>• प्रतिवादीहरुको नाममा रहेको विभिन्न स्थानको जग्गाको बारेमा आफ्नो अनुसन्धानको बयानमा खुलाईदिएकोमा भन्दा फरक वयान अदालतमा गर्दा स.ज. १४ मा बिक्री गरेको जग्गाहरुको आय लिखत अनुसार हुने हो भने व्यय पनि लिखत अनुसारनै हुनु पर्छ भनी अनुसन्धानको बयान आफैलाई खण्डन (इन्कार) गरेको देखिन्छ। वादीले दाबी लिएको प्रमाण ऐन, २०३१ को दफा ४ हेर्दा, उक्त दफाको उपदफा (१) को खण्ड (क) मा मुद्दाको कुनै पक्षले व्यक्त गरेको कुनै कुरा अर्को पक्षले लिखित रुपमा स्वीकार गरेमा सो स्वीकार गरेको कुरा प्रमाणमा लिन मिल्छ भन्ने व्यवस्था रहेको पाइन्छ।निज प्रतिवादीले यस अदालतमा इन्कारी बयान गरेको हुँदा वादीले दाबी गरे अनुसार स्वीकार गरेको भन्न मिल्ने अवस्था देखिएन।तसर्थ अदालतले उपयुक्त ठानेमा त्यस्तो कुराको सम्बन्धमा पनि प्रमाण बुझ्न सक्नेछ भन्ने व्यवस्था बमोजिम मालपोत कार्यालयको लिखतलाई प्रमाणमा ग्रहण गरेको पाइन्छ भनी थैली रकमलाई आधार मानी फैसला गरेकोमा नेपाल सरकार बिरुद्ध ईश्वरप्रसाद पोखरेल (ने.का.प. २०७२, अंक ९, नि.नं. ९४६१) को मुद्धामा प्रतिपादित नजिर "**अचल** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | **सम्पत्तिको हक प्राप्त गर्ने प्राथमिक र बिश्वसनिय आधारभुत प्रमाण आधिकारिक निकाय मालपोत कार्यालयबाट पारित रजिष्ट्रेशनको लिखत हो। सो लिखतमा लेखिएको ब्यहोरा अन्यथा नभएसम्म मान्नुपर्ने हुने"** भन्ने सिद्धान्त प्रतिपादन भएको छ। प्रस्तुत मुद्दामा समेत संकलित प्रमाणहरुबाट प्रतिवादीहरुको जग्गा खरीद गर्दा मालपोत कार्यालयमा भएको लिखत अन्यथा प्रमाणित भएकोले वास्तविक कारोवारको रकमलाई ब्ययमा गणना गरिएको हो। निज प्रतिबादी मोहन बहादुर बस्नेत र निजको श्रीमती उर्मिला बस्नेतको बैंक खाता मार्फत जग्गा बिक्रेतालाई जग्गा खरिद गर्दा भुक्तानी भएको रकम, आयोगका अधिकार प्राप्त अधिकारी समक्ष जग्गा बिक्रेताहरुले गरेको सोधपुछ कागज, निज प्रतिबादी मोहन बहादुर बस्नेत र निजको श्रीमती उर्मिला बस्नेत स्वंयले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान, लिखत मूल्यभन्दा बढी मूल्य तिरिएको भन्ने देखिने आधार र सम्बन्धित पक्षको स्वीकारोक्ति बमोजिम राजिनामाको लिखत रजिष्ट्रेशन गर्दा उल्लेख भएको मुल्यको सट्टा वास्तविक खरिद मुल्य ब्ययमा गणना गरिएको प्रष्ट रुपमा देखिदा देखिदै उक्त प्रमाणहरुलाई अनदेखा गरी प्रतिवादीको ब्यय घटाउने गरी भएको फैसला बदरभागी छ।<br>• **घर निर्माण खर्चः** आरोपपत्रमा मिति २०७९/०४/०१ गतेदेखि मिति २०७९/०७/२१ गतेसम्म चौथो र पाँचौ तल्लाको ढलान कार्यसम्मको निर्माण लागत रकम रु.४९,६०,९३१।७५ समेत गरी कूल जम्मा रु.२,३७,४९,७०१।५५ रकमलाई ब्ययमा गणना गरिएकोमा सरकारी मूल्य अनुसार कायम भएको घर निर्माण लागत रु.२,३७,४९,७०१।५५ मा २० प्रतिशतले हुन आउने मूल्य रु.४७,४९,९४०।- घटाएर घर निर्माण लागत रु.१,८९,९९,७६१।- कायम गरिपाउँ भनी प्रतिवादीले लिएको जिकिर अनुसार २० प्रतिशतले हुन आउने मूल्य रु.४७,४९,९४०।- घटाएर रु.१,८९,९९,७६१।-निर्माण लागत वापत प्रतिवादीको ब्ययमा गणना गर्ने गरि फैसला भएको देखिन्छ तर निज प्रतिवादीको उल्लेखित घर निजको निजी निवास नभई ब्यावसायिक प्रकृतिको भवन रहेको र यस प्रकारको भवनमा १५ प्रतिशत ओभरहेड खर्च र ५ प्रतिशत ठेक्का कर समावेश गर्नु पर्ने नै हुँदा उक्त ठेक्का कर र ओभरहेड खर्च कटौती गरी गर्न नमिल्ने स्पष्ट देखिदा देखिदै आरोपत्रमा घर निर्माण खर्चमा उल्लिखित रकममा २०% रकम घटाई घर निर्माण खर्च कायम गरि भएको फैसला त्रुटीपूर्ण हुँदा वदर भागी छ।<br>• **घर मर्मत खर्चः** प्रतिवादी मोहन बहादुर बस्नेतले आयोग समक्ष गरेको बयान सोही तथ्यलाई आधार मानी निजहरुको बैंक खाता हेर्दा उक्त रकम वरावरको खर्च भएको देखिए बमोजिम जम्मा खर्च रु.५,१९,५००।- रकमलाई प्रतिवादी मोहन बहादुर बस्नेतको ब्ययमा गणना गरी पाउँ भनी दाबी लिएकोमा दाबीमा उल्लिखित घर मिति२०८१/४/१६ मा सम्पन्न भएको हो र निर्माणधिन अवस्थामा रहेको घर मर्मत हुने अवस्था आउँदैन भनी प्रतिवादीले लिएको जिकिर अनुसार नै घर मिति २०८१/४/१६ मा सम्पन्न भएको अवस्थामा निर्माण सम्पन्न घरलाई पुनः मर्मत गर्नुको वस्तुनिष्ठ कारण वादीले पेस गर्न सकेको देखिदैन भनी फैसलामा घर मर्मत खर्चलाई प्रतिवादीको ब्ययमा गणना गरेको देखिएन। यसमा प्रतिवादी मोहन बहादुर बस्नेत र निजको श्रीमती उर्मिला बस्नेतले आयोग समक्ष गरेको बयानको सवाल जवाफ ११२ र ६२ मा घर मर्मत गरेको उल्लेख गरेको, सोही तथ्यलाई आधार मानी निजहरुको बैंक खाता हेर्दा उक्त रकम वरावरको खर्च भएको देखिए बमोजिम जम्मा खर्च रु.५,१९,५००।- रकमलाई प्रतिवादी मोहन बहादुर बस्नेतको ब्ययमा गणना गरिएको प्रमाणलाई मूल्यांकन नगरी केवल प्रतिवादीको इन्कारी वयानलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मात्र आधार लिई प्रस्तुत जाँच अवधि अगावै प्रतिवादी उर्मिला बस्नेतको नाममा सितापाइला ५ स्थित कि.नं. ९७ र क्षेत्रफल १९०.७४ ब.मि. जग्गामा १,१४० बर्गफूट भएको घरको मर्मतका लागि भएको खर्च वापतको रकम रहेको देखिदा निज प्रतिवादीहरु सोहि घरमा बसोबास गरिरहेकोले उक्त मर्मत खर्च निर्माणाधिन घरसँग सम्बन्धित नरहेको तथ्यलाई अनदेखा गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>• **अमेरिकन डलर खरीद**: अमेरिकन डलर १३००० सटही गरेको अमेरिकन डलर खरिद वापत तत्कालिन विनिमय दररेट अनुसार खर्च भएको जम्मा रु.१३,०२,९३३।५० रकमलाई व्ययमा गणना गरी पाउँ भनी दाबी लिएकोमा प्रतिवादीको खर्च नभएको डलर ने.रु.५,६३,०६१।— बराबरको डलर बैकमा नै फिर्ता भएकोले उक्त रकम व्यायबाट घटाई रु.७,३९,८७२।१४ लाई व्यय मा गणना गर्नु पर्ने भनी फैसला भएको देखिन्छ। प्रतिवादीले मिति २०७९।०५।०५ र मिति २०७९।०६।१२ गते सटही गरी खर्च नभएको रु. ५,६३,०६१ बराबरको रकम फिर्ता जम्मा गरेको हो भन्ने जिकिरलाई उक्त Transaction को रकम डलर सटहीबाट प्राप्त भएको हो भनि यकिन गर्न सक्ने कुनै आधार र कारण देखाउन सकेको अवस्था समेत छैन। बैंकमा रकम दाखिला गर्दा उक्त रकमको स्रोत त्यस Deposit भौचरमा राख्ने गरिन्छ र त्यसको Record बैंकमा समेत रहने हुँदा र प्रतिवादीले उक्त भौचर पेश गर्न नसकेको अवस्थामा केवल Bank Statement मा उल्लिखित दिनमा यति रकम खातामा राखेको रकम डलर सटहीको भन्ने आधारमा मात्र रु.५,६३,०६१।- बराबरको रकम प्रतिवादीको व्ययमा घटाई भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>• **उपचार खर्च**: आयोगबाट नेपाल एसबिआई बैंक लिमिटेडको च.नं. २५९७, मिति २०८१/०३/१२ को पत्रमा रु.६,०९,०००/- उपचार खर्च प्रयोजनमा नगद जम्मा भएको भन्ने देखिएको हुँदा रु.६,०९,०००/- लाई उपचार खर्चको व्ययमा गणना गरिएको छ।भने अन्य रकम रु.७,५०,०००।– को सन्दर्भमा वादीले प्रतिवादीले अनुसन्धानको क्रममा बयानमा उल्लेख गरेको भनी जिकिर मात्र गरेको तर सो रकम के, कुन अस्पतालमा भुक्तानी भएको वा उपचार खर्चकै प्रयोजनमा खर्च भएको हो भनी वस्तुनिष्ठ प्रमाण पेस गर्न नसकेकोले सोलाई व्ययमा गणना गर्न मिलेन भनी फैसला भएको अवस्था छ। प्रतिवादी मोहन बहादुर बस्नेतले आयोग समक्ष गरेको बयानको सवाल जवाफ १०७ र ११२ मा उल्लेख गरे बमोजिम रकम रु.७,५०,०००।– लाई उपचार खर्चमा गणना गरिएकोमा प्रतिवादीले कसूरबाट बच्ने उद्देश्यले अदालत समक्ष गरेको वयानलाई मात्र आधार लिई अन्य तथ्यको गहिराईमा नपुगी, अनुसन्धानको वयान ब्यहोरालाई कुनै पनि प्रमाणिक महत्व नदिइ प्रतिवादीको ब्यय कम हुने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>• **जग्गा मिलाई दिएबापत कमिशन दिएको रकम:** प्रतिवादी मोहन बहादुर बस्नेतले आयोग समक्ष गरेको बयानको सवाल जवाफ १०७,११२ र ११४ मा उल्लेख गरे बमोजिम तथा निजको नाममा एनएमबि बैंक लिमिटेड, लक्ष्मी सनराईज बैंक लिमिटेड र प्रभु बैंक लिमिटेडमा रहेको खाताबाट खर्च भएको देखिएको बिभिन्न मितिमा दिपक बुर्लाकोटी, राजिव लुइटेल, भजराम सुबेदी समेतलाई जग्गा खरिद/बिक्रीमा सहजिकरण गरि दिए वापत भुक्तान गरेको रु.१७,७०,०००।- रकमलाई प्रतिवादी मोहन बहादुर बस्नेतको व्ययमा गणना गरि आरोपपत्र दायर गरिएकोमा फैसलामा प्रतिवादीको बैंक खाताबाट अन्य ब्यक्तिका नाउमा यति धेरै रकम भुक्तानी भएको देखिदा देखिदै उक्त ब्ययको बारेमा कुनै पनि सोध खोज |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | नगरी उक्त व्यय शिर्षक तर्फ केही नबोली भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>• **कामदारको पारिश्रमिक खर्चः** उर्मिला बस्नेतले आ.व. २०६२/०६३ देखि मासिक रु.१२,००५।– पारिश्रमिक तलब दिने गरी बीना मगरलाई सहयोगीको रुपमा काम गर्न राखेको भनी प्रतिवादी उर्मिला बस्नेतले आयोग समक्ष गरेको बयानको सवाल जवाफ १६ मा उल्लेख गरेको साथै, निज प्रतिवादी मोहन बहादुर बस्नेत नागार्जुन नगरपालिकाको नगर प्रमुख पदमा निर्वाचित भए पश्चात आ.व. २०७३।०७४ को जेठ महिनादेखि प्रस्तुत जाँच अवधिमा बीना मगरलाई भुक्तानी दिएको जम्मा पारिश्रमिक रु.७,९२,३३०।- रकमलाई प्रतिवादी मोहन बहादुर बस्नेतको व्ययमा गणना गरिएकोमा प्रतिवादीले अनुसन्धानको क्रममा आफैले व्यक्त गरेको वयान बेहोरालाई खण्डित हुने घरको कामदारलाई दिएको खर्च नभई घर निर्माण गर्ने क्रममा कामदारलाई दिएको खर्च हो भनी अदालत समक्ष गरेको इन्कारी वयानलाई मात्र आधार लिई प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>• **बिभिन्न ब्यक्तिहरुलाई दिएको रकमः** प्रतिवादी मोहन बहादुर बस्नेतले आयोग समक्ष गरेको बयानको सवाल जवाफ १०७ र ११२ मा उल्लेख गरेको तथा निजको बैंक खाताबाट खर्च भएको देखिएको रामकृष्ण भट्टराई, संजय हमाल, प्रश्ना पाण्डे, बिमला के.सी., प्रमिला पाण्डे, बिम्ब भण्डारी, सुनिता खत्री र गंगाराम शर्मा समेतलाई विभिन्न शिर्षक तथा प्रयोनमाको लागि दिएको रकम तथा उक्त रकम हालसम्म फिर्ता नभएको जम्मा रु.३७,७०,०००।- रकमलाई प्रतिवादी मोहन बहादुर बस्नेतको व्ययमा गणना गरिएकोमा प्रतिवादीले अदालत समक्ष गरेको इन्कारी वयानलाई मात्र आधारमा लिई कुनै तथ्य प्रमाण कागजातको पुष्ट्याईको अभावमा नै प्रतिवादीको बैंकखाताबाट यी विभिन्न व्यक्तिहरुलाई भुक्तानी किन के प्रयोजनका लागि भयो भन्ने सम्म नबुझी प्रतिवादीको वयानलाई नै अन्तिम सत्य मानी प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला बदरभागी छ।<br>• **सुन खरीद :** आरोपपत्रमा उर्जा भेन्चर्स प्रा.लि.को पत्रसाथ प्राप्त बिल भौचर अनुसार निज तथा निजको श्रीमती उर्मिला बस्नेतले उर्जा भेन्चर्स प्रा.लि.बाट प्रस्तुत जाँच अवधिमा सुन, चाँदी, हिरा लगायतका बहुमूल्य धातुका गरगहना खरिद गर्दा खर्च भएको रकम रु.५१,३१,५००।- र निजको श्रीमती उर्मिला बस्नेतको एनएमबि बैंक लिमिटेडको खाता नं. ०६६००३३४३९४०००११ बाट खर्च भएको रकम मध्ये रु.६८,५९,१००।- सुन खरिद भनी बयानमा उल्लेख गरेको गरी कुल जम्मा रु.१,१९,९०,६००।- रकम निजको सुन/गरगहना खरिदमा व्यय गणना गरिएकोमा उर्मिला बस्नेतले बैंकबाट झिकेको रकम रु.९,९५,०००।– र रिभर्सल भएको रु.३,००,०००।— लाई व्ययमा गणना गर्न मिल्ने नभएकोले प्रतिवादीकै जिकिर अनुसार रु.१,०६,९५,६००।- लाई व्ययमा गणना गरिएको भनी फैसला भएको यसमा बैंक रिभर्सल भएको भनी कुनै बैंकले पुष्ट्याई सहितको कागजात पेश भएको नदेखिदा उक्त रकम घटाई भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>• **अन्तिम बैंक मौज्दातः** प्रतिवादी मोहन बहादुर बस्नेत, निजको श्रीमती उर्मिला बस्नेत र निजहरुको छोरा अनोज बस्नेतको नाममा स्वदेशमा रहेका बिभिन्न बैंक तथा वित्तिय संस्था एवं सहकारी संस्थाहरुमा रहेको खाताको विवरण/स्टेटमेण्ट अनुसार जाँच अवधिको अन्तिम मिति२०७९/०७/२१ गते रहेको मौज्दात रकम रु.२,४३,८६,०६९।१२ लाई निज प्रतिवादीको व्ययमा गणना गरिएकोमा अदालतबाट फैसला गर्दा, बैंक खातामा जम्मा गरेको रकम मध्ये रु.२,१५,७३,३९५।३३ सम्पत्ति शुद्धीकरण कसूरको विगो कायम हुने गरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | लगाउको मुद्दामा ठहर भएकोले सो ठहर भएको बैंक मौज्दात घटाउँदा रु.२८,१२,६७३।७९ मात्र प्रतिवादीको व्ययमा गणना गर्न मिल्ने देखियो भनी अनुसन्धानको मितिको अन्तिम दिनमा रहेको बैंक मौज्दातलाई फरक ढंगले गोलमटोल गरी फैसला गरेको देखिन्छ। यसमा अन्तिम बैंक मौज्दात रकमका रुपमा जाँच अवधिको अन्तिम दिनमा प्रतिवादी र निजको एकाघर परिवारका सदस्यहरुको नाममा बिभिन्न बैंक तथा वित्तीय संस्था एवं सहकारी संस्थाहरुमा रहेको खातामा भएको मौज्दात रकम रहेको। यस्तो मौज्दात रकम प्रतिवादीहरुले जाँच अवधिका विभिन्न मितिमा विभिन्न प्रयोजनमा बैंक खाताबाटनै खर्च गरी बाँकी रहेको रकम हो। सम्पत्ति शुद्धीकरण कसूरको विगोमा समाबेश गरिएको रकम र गैरकानुनी सम्पत्ति आर्जनको बिगोमा समाबेश भएको रकम एउटै रकम नरहेको स्पष्ट भएको अवस्थामा मनोमानी तरिकाले हिसावमा जोड घटाउ गर्दा परिणाम त आउँछ तर सही हुदैन तसर्थ प्रस्तुत मुद्दामा पनि सहि रिजल्ट आउनका लागि सहि ठाउँमा सही तथ्यको स्थापना गर्नु पर्ने देखिन्छ। निज प्रतिवादी मोहन बहादुर बस्नेत उपर घुस/रिसवत र सम्पत्ति शुद्धीकरण मुद्दा एउटा छुटै मुद्दा हो भने निजै प्रतिवादी उपरको गैरकानुनी सम्पत्ति आर्जन मुद्दा छुटै मुद्दा हो यहाँ एउटा मुद्दाको तथ्यलाई अर्को मुद्दामा जोडेर अर्को मुद्दाको विगो अर्को फरक मुद्दाबाट घटाई बढाई गरी फैसला गर्ने कुनै पनि गणितिय सिद्धान्त र कानूनी सिद्धान्तले ब्यवस्था गरेको अवस्था नदेखिदा फरक फरक मुद्दामा फरक फरक विगोलाई सोही मुद्दाको तथ्य र प्रमाणको आधारमा विश्लेषण गरी फैसला गर्नु पर्नेमा सो नगरी भएको प्रस्तुत फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>• अतः माथि विवेचित आधार र कारणहरुबाट प्रतिवादीहरुको शुरु बैंक मौज्दात, जग्गा विक्री आय, बैंक ब्याज आय, जग्गा बहाल आय, सामाजिक कार्यमा प्राप्त रकम, घर निर्माण, मर्मत खर्च, जग्गा खरीद खर्च, डलर खरीद, उपचार खर्च, सुन खरीद, अन्तिम बैंक मौज्दात समेतबाट यी प्रतिवादी मोहन बहादुर बस्नेतले मिति २०७४/०२/०४ गतेदेखि २०७९/०७/२१ सम्म गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्ति समेत गरी जम्मा बिगो रु.८,६९,८७,१०५।६९ बराबरको सम्पत्ति गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको र सोबाट बढे बढाएको सम्पत्ति समेत आफ्नो एकासगोलकी पत्नी प्रतिवादी उर्मिला बस्नेतको नाममा समेत राखेको देखिएको हुँदा यी प्रतिवादीले आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि भएकोमा मिसिल संलग्न समग्र प्रमाणको उचित मुल्यांकन नगरी एवंम् सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल हुने गरी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भएकोले उक्त फैसला वदर गरी प्रतिवादीहरुलाई आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ। |